मिति: २०७७/०३/२३ गते ।

# प्रेस विज्ञप्ती

हालविश्व कोरोना भाईरस(कोभिड–१९) को महामारीबाट गम्भीर रुपमा प्रभावित भईरहेको छ । हाम्रो देश नेपालमा पनि यसको प्रकोप दिनानुदिन बढ्दोरुपमा रहेको छ । कोरोना भाईरस(कोभिड–१९) को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट हरसम्भव कामकार्यहरु भईरहेको सर्वविदितै छ । यसै सन्दर्भमा कोरोना भाईरस(कोभिड–१९) को नियन्त्रण तथा रोकथाम गर्नका लागि सरकार, सबै राजनीतिकदल, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, नागरिक समाज एवं सचेत नागरिक लगायत सबैले समन्वय र सहकार्य गरेर अगाडि बढ्नु पर्ने कुरा सर्वविदित् नै छ ।यसै सन्दर्भमा आफ्नो क्षेत्र भित्र कोरोना भाईरस(कोभिड–१९) नियन्त्रण र रोकथाम गर्न माईजोगमाई गाँउपालिका स्थानीय सरकार, जनप्रतिनिधि, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरु यथासम्भव स्वास्थ्य सुरक्षा सामग्रीहरुको उचीत व्यवस्थापन गरी कार्य गर्दै आएको कुरा सबैमा ध्यानाकर्षण गर्न चाहान्छौं । यही सन्दर्भमा माईजोगमाई गाँउपालिका, वडा समिति तथा स्वास्थ्य समितिसँग कुनै समन्वय नै नगरी मिति २०७७/०३/२२ गते माईजोगमाई गाउँपालिका वडा नं. ५ सोयाङ स्थित स्वास्थ्य चौकीको कार्यालयमा आई कोरोना भाईरस(कोभिड–१९) सुरक्षा सामग्री वितरणको नाममा सर्वसाधारणको गाँउपालिका, जनप्रतिनिधिहरु त्था स्वास्थ्यकर्मीहरु प्रति अनावश्यक घृणा पैदा गराउने गरी विभिन्न सामाजिक सञ्जालमा समेत भ्रामक समाचारहरु सम्प्रेषण गरेकोमा यस वडा समितिको गम्भिर ध्यानाकर्षण भएको छ ।

कोरोना भाईरस(कोभिड–१९) सुरक्षा सामग्री वितरणको नाममा जो कोही व्यक्तिले सामग्री वितरण गर्दा गाँउपालिका र वडा समितिसँग समन्वय गरेर नेपाल सरकारको एकद्वार नीति अनुरुप मात्र वितरण गर्न र गाँउपालिका तथा जनप्रतिनिधिहरु एवं स्वास्थ्यकर्मीहरु प्रति अनावश्यक घृणा पैदा गर्ने किसिमका भ्रामक समाचारहरु सामाजिक सञ्जालमा सम्प्रेषण नगर्न सम्बद्ध पक्षहरुको ध्यानाकर्षण गराईन्छ ।

स्वास्थ्य चौकी इन्चार्ज

राहुल आचार्य (हे.अ.)
कार्यालय प्रमुख

माईजोगमाई गाउँपालिका
५ नं. वडा कार्यालय
२०७३

वडा अध्यक्षएवम् संयोजक

दाताराम संजेल
वडा समितिएवम् वडा स्वास्थ्य समिति

दाताराम सञ्जेल
वडा अध्यक्ष